# जनकपुरधाम उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## जनकपुरधाम, धनुषा

## मधेश प्रदेश, नेपाल

पत्र संख्या: ०७८/७९
चलानी नं.

फोन नं. : ०४१-५२०१४६, ५२०५१०
बारुण-यन्त्र: ०४१-५२०५२०, ५२००११

### औषधि उपचार खर्चको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

### सूचना प्रकाशित मिति: २०७९/०३/२०

उपरोक्त सम्बन्धमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको प.स. २०७८/०७९ च.नं. ५१५ मिति २०७९/०२/१८ गतेको प्राप्त पत्र र श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाण्डौंबाट जारी भएको मृगौला प्रत्यारोपन गरेका, डायलायसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ मा मासिक रु. ५०००।०० अक्षरेपी पाँच हजार रुपैया मात्र उपलब्ध गराईने भनि व्यवस्था रहेकोले तपसिल अनुसारको कागजातहरु सहित आ-आफ्नो वडाको वडा कार्यालयमा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| पेश गर्नुपर्ने कागजातहरु | सेवा उपलब्ध नहुने अवस्थाहरु |
|---|---|
| ✓ नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>✓ नावालकको हकमा जन्मदर्ताको प्रतिलिपी<br>✓ मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धी प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपी<br>✓ लाभग्राही अनुसूची २ बमोजिमको निवेदन सम्बन्धित वडाको सिफरिस पत्र<br>✓ सम्बन्धित व्यक्तिको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. अनिवार्य | ❖ नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था/संगठनबाट रोजगारी, निबृत्तिभरण वा विदेश सरकारबाट रोजगारी/पेन्सन प्राप्त गरिरहेको व्यक्ति ।<br>❖ नेपाल सरकारबाट उपलब्ध गराउँदै आईरहेको जेष्ठ नागरिक भत्ता/एकल महिला भत्ता, दलित भत्ता अपाङ्ग भत्ता लगायत नेपाल सरकारबाट पाईरहेको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्नेछन् ।<br>❖ यसै सूचनामा उल्लेखित एक भन्दा बढी रोग लागेका व्यक्तिले दोहोरो पर्ने गरी यस किसिमको भत्ता प्राप्त गर्ने छैन । |

आवश्यक कार्ययार्थ:
श्री वडा कार्यालय (सबै), जनकपुरधाम उप-महानगरपालिका, धनुषा
यप जानकारीको लागि यस कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क गर्नुहुन । (सम्पर्क व्यक्ति- श्री विकास झा मो. नं. ९८१७८५२८५८)

..............................
प्रद्युम्न प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

..............................
मनोज कुमार साह
नगर प्रमुख
मनोज कुमार साह
प्रमुख
जनकपुरधाम उपमहानगरपालिका